महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।१३

श्री प्रमुखज्यू,
धार्चे गाउँपालिका,
गोरखा ।

विषयः**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट धार्चे गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.९७ लाख ७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.५० लाख, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१७ लाख ९९ हजार र पेश्की रु.२१ लाख रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराका सम्बन्धमा मिति २०७५।८।५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १० (दश) यसै साथ सम्लग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

धार्चेगाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनाबद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । गण्डकी प्रदेशमा अवस्थित गाउँपालिका अन्तर्गत ७ वडा, ३९गाउँ सभा सदस्य, ६५१.५२ व.कि.मि. क्षेत्रफल १३२२९ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष : आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		५१६७२७४।६८	१	**चालु खर्च**	१०४३६०३३५।२५	१०४३६०३३५।२५
	क) नगद			२	**पूँजीगत खर्च**	११७८१४४६४।००	११७८१४४६४।००
	ख) बैंक	५१६७२७४।६८		३	**वित्तीय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**				क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	१११९८५५।६४	१२३०३२३।६१		ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड				ग) अन्य भुक्तानी		
	ग) अन्य आय	११०४६७।९७		४	**लगानी**		
३	**वित्तीय हस्तान्तरण**		२०८७७७०००।००		ऋण लगानी		
	क)वित्तीय समानीकरण अनुदान	१५४३५२०००।००			शेयर लगानी		
	ख) सशर्त अनुदान	५४४२५०००।००			अन्य लगानी		
	ग) समपूरक अनुदान			५	**धरौटी फिर्ता**		
	घ) विशेष अनुदान			६	**कोष खर्च**		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**			७	**मौज्दात**		३२८७४०८८।०४
	क)वित्तीय समानीकरण अनुदान				क) बैंक मौज्दात	२५०८६६७६।८४	
	ख) सशर्त अनुदान				ख) धरौटी तर्फ	१२३७५०।००	
	ग) समपूरक				ग) फ्रिज	२६६३६६१।२०	

	अनुदान						
	घ) विशेष अनुदान				घ)प्रकोप व्यवस्थापन कोष	५००००००००	
५	**अन्तर स्थानीय तहबाट प्राप्त**						
६	**वित्तीय व्यवस्था प्राप्ति**						
	क) ऋण प्राप्ति						
	ख) साँवा प्राप्ति						
	ग) ब्याज प्राप्ति						
	घ) अन्य प्राप्ति						
६	**विभिन्न कोषतर्फको आय**						
८	**जनसहभागिता (नगद)**						
९	**विषयगत निकायबाट प्राप्त**	३९७५०५३९।००	३९७५०५३९।००				
१०	**धरौंटी आय**	१२३७५०।००	१२३७५०।००				
११	**लगानीको साँवा फिर्ता**						
१२	**अन्य विविध आय**						
	जम्मा	**२५५०४८८८७३**	**२५५०४८८८७३**		**जम्मा**	**२५५०४८८८७३**	**२५५०४८८८७३**

दफा	लेखापरीक्षणबाट व्यहोरा	रकम
१.	**वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाउँसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७४ असार २४ गते मात्रस्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्नु पर्दछ ।	
२.	**कार्यक्रम तथा योजना संशोधन :** आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने व्यवस्था छ । गाउँपालिकाको २०७४आषाढ२४गतेको सभावाट वडा नं.१ देखि ७ सम्म स्वीकृत भएका मध्ये १०योजना र गाउँपालिका तर्फको १८० योजना मिति २०७५।०१।३१को निर्णयले मर्जर गर्ने तथा संशोधन गर्ने निर्णय पश्चात्६ योजना थप भएको देखिन्छ । योजना मर्जर गर्ने, संशोधन गर्ने, छुट्याउने स्थितिले योजनाको आवश्यकता र प्राथमिकीकरण प्रक्रिया उपयुक्त देखिएन । काबु वाहिरको परिस्थिति सिर्जना नभई अघिल्लो सभाले स्वीकृत गरेको योजना पछिल्लो सभाले परिवर्तन गर्नु उपर्युक्त होइन । अतःयोजना थपघट गरी संशोधन गर्ने स्थितिमा नियन्त्रण गर्नु आवश्यक छ ।	
३.	**चौमासिक खर्चः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २ प्रतिशत, दोश्रो चौमासिकमा २० प्रतिशत र तेश्रो चौमासिकमा ७८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै असार मसान्तमा ५ करोड ४८ लाख अर्थात ४७ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।	
४.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगाबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । • गाउँपालिका अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरु तोकिएको समय भित्रै आंशिक रुपमा सम्पन्न गरेको छ । • खरिद योजना वनाइ खरिद भएको छैन • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको पाइएन । • कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिएको पाइएन । • सवै सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्ग मैत्री र लैंगिक समतामूलक रहेको छैन । • सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिकरुपमा मात्र गरेको छ । • सञ्चालित कार्यक्रम सवै अनुगमन मूल्याङ्कन गरी सोको नियमित प्रतिवेदन तयार गर्ने गरेको छैन । • गाउँपालिकाले उठाउने राजश्व (आन्तरिक आय) सम्वन्धमा नगदी रसिद जारी गर्ने, त्यसको नियन्त्रण, नियमन, अनुगमन, तथा नियमित रुपमा उठाइएका आय/राजश्व हिनामिना हुन नपाउने गरी वैंक खातामा जम्मा गर्न लगाउने भरपर्दो र सरक्षित व्यवस्था गरेको छैन ।	

दफा	लेखापरीक्षणबाट व्यहोरा	रकम
	• गाउँ पालिकाबाट नियमित तलव खाने कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएको छैन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहितालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।	
५.	**सेवा प्रवाहको स्थिति :** यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ :	

सि.नं.	विवरण	जम्मा
१	जन्म दर्ता, मृत्यू दर्ता	४७५
२	नागरिकता सिफारिस	२७५
३	नाता प्रमाणित	३७५

	गाउँपालिकाबाट सञ्चालित आयोजनाको अनुगमन मूल्यांकन, महिला दलित तथा अपाङ्ग लक्षित कार्यक्रम सञ्चालन गर्ने गरी वार्षिक योजना स्वीकृत गरेको छ । गाँउपालिकाले ज्येष्ठ नागरिक सम्मान तथा झोला वितरण, सुत्केरी महिला र वालवालिकालाई पौष्टिक आहार विवतरण, सोलार वितरण जस्ता कार्यक्रम सञ्चालन गरी रकम खर्च गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय जनताको जीवनस्तर, आम्दानी र रोजगारी वृद्धि हुने कार्यक्रम छनोट गरी सेवा प्रवाह गर्नु पर्दछ ।	
६.	**कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यस वर्ष गाउँपालिकाले तर्जुमा गरेका निम्न कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :	

सि.नं.	कानुनको नाम
१	आर्थिक ऐन, २०७४
२	गाउँ कार्यपालिकाको विनियोजन ऐन, २०७४
३	धार्चे गाउँपालका शिक्षा ऐन, २०७५
४	धार्चे गाउँपालका सहकारी ऐन, २०७५
५	कृषि ऐन, २०७४
६	विपद जोखिम कार्यविधि ऐन, २०७५

७.	**ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट १ वटा ठेक्का सम्झौता गरेकोमा तेश्रो चौमासिकमा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी अन्तिम चौमासिकमा मात्र ठेक्का सम्झौता गरी प्रगति शत प्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनु पर्दछ ।	
८.	**ठेक्काको विवरण-** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी विवरण (म.ले.प.फा.नं. १९०) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदि जानकारी हुने हुन्छ । गाउँपालिकाले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिए पनि सबै व्यहोरा खुल्ने गरी राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।	
९.	**वार्षिक खरिद योजना :-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ उपनियम (१) वमोजिम सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सोही नियमको उपनियम (२) मा उल्लेखित कुराहरु समावेश गरी वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले खरिद कार्यमा अधिक प्रतिस्पर्धा हुने गरी खरिदको प्याकेज बनाई खरिद कार्यलाई पारदर्शी तथा मितव्यी बनाउनु पर्दछ ।	

दफा	लेखापरीक्षणबाट व्यहोरा	रकम
१०.	**लक्ष्य प्रगतिको प्रतिवेदन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ गाउँपालिकाले सञ्चालन गरेका आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । योजना तथा कार्यक्रममा रु. ११ करोड ७८ लाख १४ हजार खर्च गरेकोमा नियमावलीले तोके वमोजिम प्रगति प्रतिवेदन तयार गरेको पाइएन । प्रगति प्रतिवेदनको भैतिक प्रगति मापन हुन सक्ने देखिएन ।	
११.	**लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा गर्नुपर्ने र तोकिएको समयमा प्रगति हासिल नगर्ने र विवरण नपठाउनेलाई कारबाही गर्न सकिने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार संचालित कार्यक्रमको प्रगति विवरण देहाय अनुसार रहेको छ ।	

कार्यक्रम/योजना	वार्षिक प्रगति स्थिति			
	शून्य प्रगति कार्यक्रम	२५% सम्म प्रगति भएका कार्यक्रम	५०% सम्म प्रगति भएका कायंक्रम	७५% सम्म प्रगति कार्यक्रम
मूल कार्यक्रम १०		-	-	-
सहायक कार्यक्रम १८०	३५	-	-	७५

१२.	**प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ को उपदफा ५ मा गाउँपालीकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगमा पठाउनु पर्ने छ । यस गाउँपालिकाले ऐनमा उल्लेख गरे अनुसार आय व्ययको चौमासिक शीर्षकगत विवरण तोकिएको निकायमा पठाएको छैन । उक्त विवरण तोकिएको नियकायमा पठाउनु पर्दछ ।	
१३.	**एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकीकृत लेखा वनाई राख्नुपर्ने व्यवस्था छ ।लेखापरीक्षण पूर्व कार्यालयले एकीकृत आर्थिक विवरण तयार गरेको छैन । सबै क्षेत्रको कारोवारसमेटिएको एकीकृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएपछि तयार गरी लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।	
१४.	**कारोवारको लेखाः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९(२) मा राजस्व आर्जन गर्ने कार्यालयले करदाता वा सेवाग्रहिबाट प्राप्त हुने राजस्व रकम करदाताबाट सोझै वैंक जम्मा भई प्राप्त हुन आएको वैंक भौचर र कार्यालयले नगद संकलन गरी वैंक दाखिला गरेको वैंक भौचर समेतको सम्बन्धित खातामा प्रविष्ट गरी स्रेस्ता राख्नु पर्नेछ । त्यसरी जम्मा गरिएको बैंक भौचर संलग्न गरी सम्बन्धित कार्यालयले गोश्वरा भौचर उठाई त्यस्तो रकमको आम्दानी जनाई लेखा राख्नु पर्नेछ । यस गाउँपालिका र वडा कार्यालयहरुमा आम्दानी भएको रकम बैंक जम्मा भौचर संलग्न गरी गोश्वरा भौचर उठाई लेखा राखेको पाइएन । नियमानुसार वडा कार्यालयहरुको समेत आम्दानी जनाई सो रकम वैंक जम्मा गरी गोश्वरा भौचर उठाई लेखा राख्ने व्यवस्था हुनु पर्दछ ।	
१५.	**राय निर्णय :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १०९(२) मा कार्यालय प्रमुखले आर्थिक कारोवार गर्दा आर्थिक प्रशासन शाखा प्रमुखले राय नलिई वा राय विपरीत निर्णय गरेको खर्चको रकम कलमको जिम्मेवारी वहन गर्नुपर्ने छ । आर्थिक प्रशासन शाखा प्रमुखले राय दिएको रकम कलमको हकमा निजले समेत जिम्मेवारी वहन गर्नुपर्नेछ । यस गाउँपालिकाको आर्थिक कारोवार उपभोक्ता समितिलाई रकम भुक्तानी दिने, ठेक्कापट्टा, अन्य भुक्तानी आदिको निर्णयमा आर्थिक प्रशासन शाखा प्रमुखको राय आंशिक रुपमा लिने गरेको गरेको छ ।	
१६.	**स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन ।	
१७.	**कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित	

दफा	लेखापरीक्षणबाट व्यहोरा	रकम
	उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत स्थानीय तहका १२ जना कर्मचारीहरुको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन ।	
१८.	**गाउँपालिका प्रकोप व्यवस्थापन कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० वमोजिम गाउँपालिकाले स्थानीय कानुन बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष विपद् व्यवस्थापन कोषमा पूँजीगत खर्च शीर्षकको भौ.नं. मिति २४७-२०७५।३।२६ बाट रु. ५०००००००।- एकमुष्ठ जम्मा गरेको छ । पूँजीगत बजेटमा भएको रकम प्रकोप व्यवस्थान कोषमा जम्मा गर्नु नियम सगंत नदेखिएको रु.	५०००००००.००
१९.	**वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । धार्चे गाउँपालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सरसफाईको काममा गाउँक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, जस्ता वातावरण सुधारको गाउँपालिकाले कुनै कार्यक्रम तथा वजेट नराख्ने कार्यले स्वच्छ तथा सफा गाउँ वनाउन तर्फ ध्यान पुगेको देखिएन । अत गाउँ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ ।	
२०.	**व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा धार्चे गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत अद्यावधिक गरी राखेको पाइएन । लेखापरीक्षणमा धार्चे गाउँपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । .गाउँपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।	
२१.	**आर्थिक सहायता :**सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीति मार्गदर्शन २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपूर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ । कार्यालयले आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिढीतलाई घरवास तथा औषधि उपचार खर्च वडा कार्यालयको सिफारिस राखी गाउँपालिका वैठकबाट निर्णय रु. ५० हजार आर्थिक सहायता स्वरुप भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।	
२२.	**आन्तरिक आय प्रक्षेपण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गनं सक्ने व्यवस्था छ ।समितिले आयका क्षेत्र पहिचान गरी आय क्षेत्र विस्तार गर्न सकेको छैन । गाउँपालिकाले गाउँवासीलाई सहज सरल हुने गरी आय क्षेत्र पहिचान गरी आत्मनिर्भरता तर्फ उन्मुख हुन प्रयास गनुपर्ने देखिन्छ ।	
२३.	**कर्मचारी व्यवस्था :** नेपाल सरकारको मिति २०७४।१२।१४ स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरवन्दी सम्वन्धी निर्णयकमा यस गाउँपालिकामा ३१ जना कर्मचारी दरवन्दी रहने उल्लेख छ ।स्वीकृत कर्मचारी दरवन्दी मध्ये प्रमुख प्रशासकीय अधिकृत सहित ३१ जना रहने उल्लेख भए पनि पदपूर्ति ७ जना भएको पाइयो । गाउँपालिकामा आ.ले.प.(ना.सु.) लगायत २४ पद रिक्त रहेका छन । रिक्त पद मध्ये १४ जना करारमा राखी काम गरएको छ । आवश्यक कर्मचारी व्यवस्थापन नहुँदा सेवा प्रवाहमा असर पर्ने भएकोले कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखियो ।	
२४.	**विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु	

दफा	लेखापरीक्षणबाट व्यहोरा	रकम
	पर्ने तथा महालेख नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराई सबै स्थानीय तहले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको आय-व्ययको हिसाव Sub National Tresury Regulatory application (SUTRA) सफ्टवेयरमा राखेको छैन । आधुनिक सूचना प्रविधिमा आधारित प्रणाली लागु गरी आर्थिक कार्यसम्पादनमा पारदर्शिता, चुस्तता र दुरुस्तता कायम गर्नकानूनले व्यवस्था गरेको सफ्टवेयर प्रयोग गरी हिसाव राख्नु पर्दछ ।	
२५.	**न्याय सम्पादन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ मा न्याय सम्पादन प्रकृया सम्बन्धमा उल्लेख छ । गाउँपालीका अन्तर्गतको न्यायिक समितिले उपलब्ध गराएको विवरण अनुसार मेलमिलाप, विवाद निरुपण र विविध मुद्दाका ९ उजुरी तथा निवेदन परेकोमा ७ फैसला भई २ फैसला हुन वाँकी देखिन्छ । न्यायिक समितिवाट समयमै न्याय सम्पादन गरिनुपर्दछ ।	
२६.	**निर्माण कार्यको अभिलेख**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा प्राविधिक नाप, जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने तथा नियम १२५(२) मा निर्माण कार्यको स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन अनुसार भए/नभएको जाँच बुझ गर्नु, गराउनु पर्ने उल्लेख छ । कार्यालयले निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरू मार्फत् गराएको सडक, पुल, खानेपानी, भवन जस्ता संरचनाहरू निर्माणको कार्य गर्दा सम्बन्धित कार्यको नापी किताब, रनिङ्ग बिल वा अन्तिम बिल कार्य सम्पन्न प्रतिवेदन लगायतका निर्माण अभिलेखांकन गर्ने अभिलेखहरूमा आयोजनाको स्किम नं., लोकेशन एवं चेनेज खुलाउने गरेको पाइएन । जसले गर्दा प्रारम्भ भएको धेरै वर्षपछि मात्र सम्पन्न हुने क्रमागत आयोजनाहरूमा गत विगतमा भएका कार्यहरू तथा हाल गरिने कार्यहरूबीच दोहोरोपना आउने अवस्था देखियो । तसर्थ यस्ता कार्यहरू गर्दा गराउँदा सोको उचित अभिलेखांकन गर्ने व्यवस्था हुनु पर्दछ ।	
२७.	**सवारी साधन खरिद** - गाउँपालिकाले यस वर्ष एक वटा बलेरो जीप र ३ वटा मोटर साइकल खरिद गरेको छ । कार्यालयले पेश गरेको विवरण अनुसार जीप एक रु. ३६८५३००।- र मोटर साइकल ३ रु. ७३९९००।- समेत कुल रु. ४४२५२००।- खर्च भएको छ । सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयको पुर्व स्वीकृत लिनु पर्नेमा स्वीकृति वेगर खरिद गरी रु. ४४२५२००।- भुक्तानी गरेको छ । यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ ।	
२८.	**कन्टिन्जेन्सी खर्च** : सार्बजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ अनुसार कन्टिन्जेन्सी बापतको रकम वर्क चार्ट तथा स्टाफ खर्चको लागि २.५ प्रतिशत र सानातिना अन्य खर्चको लागि २.५ प्रतिशत खर्च गर्न सकिने प्रावधान रहेकोछ । यस वर्ष रु. ४२ लाख ७८ हजार कन्टिन्जेन्सी खर्च भएको विवरण पेश भएको छ । कुल लागत अनुमान रु. ११ करोड७८ लाख १४ हजार रहेकोमा कुल रकमको ३.६३ प्रतिशत खर्च भएको उल्लेख छ । कन्टिन्जेन्सी खर्चको रजिष्टर राख्ने नगरेकोले कन्टिन्जेन्सी खर्चको वास्तविक अवस्था एकीन गर्न सक्ने अवस्था छैन ।	
२९.	**जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को निम्न व्यहोरा कार्यान्वयन भएको देखिएन । ● कार्यालयले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० को उप नियम (१) बमोजिम जिन्सी निरीक्षण गरेको भए तापनि सोही नियमावलीको नियम ५० (२) को प्रावधान अनुरुप जिन्सी मालसमानको यथार्थ अवस्था, संरक्षण तथा सम्भारको अवस्था, मौज्दातको अवस्था लगायतका विवरण खुल्ने गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । ● जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत हुनुपर्ने भनि औंल्याइएकोमा मर्मत गरिदै गरेको भएता पनि लिलामको प्रक्रिया अगाडि नबढाएकोले नियममा भएका व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ । ● एकै प्रकृतिका जिन्सी सामान एकै पानामा समेत नराखेको अवस्था छ । जिन्सी व्यवस्थानमा कार्यालयले तत्काल सुधार गर्नु पर्दछ ।	
३०.	**पूँजीगतबाट चालु खर्च** : एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत	

दफा	लेखापरीक्षणबाट व्यहोरा	रकम
	शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । गाउँपालिकाको कार्यालयले विभिन्न भौ.नं. र मितिबाट रु.५८७५००.०० चालु खर्च पूँजीगत वजेटबाट खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शीर्षकका समावेश गरी वजेट खर्च लेख्नु पर्दछ ।	

भौ.नं. र मिति	कार्यक्रम	रकम
२६१-२०७५/३/३२	ज्येष्ठ नागरिक सम्मान -झोला वितरण)	३००००००.००
११-२०७४/१०/१४	सोलार वितरण (२३ जनालाई)	२८७५००.००

३१.	**रितपुर्वकको कर विजक विना भुक्तानी :** १३६-२०७५।३।२१मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) तथा नियमावली २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले प्रापकलाई तोकिएको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । विद्युत पोल ढुवानी वापत विष्णु निर्माण सेवालाई रु. ३७५०००।- लाई (वहालकर रु. ३७५००।- कट्टा गरेको) भुक्तानी गरेको छ । निर्माण व्यवसायीबाट काम गर्दा मू.अ.कर समावेश गरी विजक जारी गर्नु पर्दछ ।	
३२.	**अण्डा वितरण :** धार्चे गाउँपालिकाबाट स्वीकृत कार्यक्रम अनुसार महिला तथा बालवालिका पोषण कार्यक्रमबाट गाउँपालिका भित्रका १ देखि ७ वडाका सुत्केरी महिलाहरुलाई लक्षित गरी यस वर्ष एक क्यारेट अण्डा, गेडागुडी तथा भटमास वितरणमा रु. ७५००००।- खर्च भएको पाइयो । लक्षित वर्गका विपन्न तथा असहाय महिला तथा बालबालिकालाई यस्तो कार्यक्रमबाट लाभ पुऱ्याउन छनोट प्रकृया पारदर्शी तथा प्रभावकारी अनुगमन गरी सेवाबाट लाभ पाउनेको विवरण तथा भपाई पेश हुन आवश्यक छ ।	
३३.	**सार्वजनिक सुनुवाई खर्च :** धार्चे गाउँपालिकाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाबाट सञ्चालित कार्यहरुको बारेमा सरोकारवाला पक्षलाई जानकारी दिनको लागि प्रत्येक २ लाखको दरले चियापान, खाजा नास्ता खर्च गरेको वील भपाईको आधारमा रु. १२ लाख खर्च लेखेको छ । पँजीगत खर्च शीर्षकबाट सार्वजनिक सुनुवाईमा खर्च गर्ने परिपाटी नियन्त्रण गर्नु पर्दछ ।	
३४.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने व्यवस्था छ । गाउँपालिका क्षेत्र भित्र निर्माण गरिएका अधिकांश सडकहरु हेभी मेशिन प्रयोग गरी बनाउने गरी लागत अनुमान तयार गरेको र उपभोक्ता समितिले जेसीवी मेशिन निर्माण व्यवसीबाट भाडामा लिएर प्रयोग गर्ने गरेको पाइयो । यसरी मेशिन भाडा लिएर प्रयोग गरेवापत सम्बन्धित निर्माण व्यवसायीले जारी गरेको कर विजक अनुसारको रकम उपभोक्ता समितिले भुक्तानी गरेको वील भपाई पेश गरी कार्यालय समक्ष भुक्तानी माग गर्ने गरेको पाइयो । कार्यालयमा पेश भएका वील भपाई अनुसार निर्माण व्यवसायी र कार्यालयको मध्यस्तकर्ताको भूमिका उपभोक्ता समितिले निर्वाह गरेको देखिन्छ । उपभोक्ता समिति मार्फत निर्माण व्यवसायी सम्लग्न गराईएका उदाहरण देहाय अनुसार रहेको पाइयो ।	

भौ.नं. र मिति	उपभोक्ताको नाम	निर्माण व्यवसायी	निर्माण व्यवसायीलाई भुक्तानी		गापाले व्यहोरोको रकम
			मेशिन वपात	इन्धन वापत	
२४-२०७४/११/१४	क्युलुङ चेतदेखि सिरानगाउँ सडक	न्यू गोर्खा मनकामना	९२९२०.३०	६४२६८.७५	२००००००.००
३५-२०७५/११/२०	लाप्राक शाखा रोड	,,	१३१४१५५.७०	८१३५४३.००	३०००००००.००
७२-०७४/१२/२७	वारपाक लाप्राक गुम्दा सडक	सिद्धेश्वर कन्स्ट्रक्सन	६९२३००.००	१७९२३१.२४	२१८६४२८.००
१२१-२०७५.२/२१			५८६५००.००	५००८४६.९	
१०९-२०७५/१/२६	गुम्दा पैडु लापुगाउँ सडक	न्यू गोर्खा मनकामना	१६९३८०३.००	१६७४५३२.३०	४००००००.००

दफा	लेखापरीक्षणबाट व्यहोरा	रकम
	१३९-०७५/२/२१ | घोरेत मनिडाडाँ मोटरबाटो | रुविनाला कन्स्ट्रक्सन | ४२६३०००.०० | - | ४९००००००.००	
	१६१-०७५/३/५ | माने डाडा सूर्यदेवी प्रा.वि. | ,, | ४३३६३१४.१६ | - | ४९००००००.००	
३५.	**ग्याविनको परिमाण बढाएको** :५८-२०७४।११।२१ लिपु भिरकुना पहिरो नियन्त्रण कार्यको लागि २×१ ×१ ग्यावीन ४८ वटा वटा खरिद गरेको विल भपाई पेश भएको छ । ग्याविन फिलिङ कार्यको नापी अनुसार ९६ घनमिटर जालीमा ढुंगा भरेको पाइयो । कार्य सम्पन्न प्रतिवेदनमा जाली खरिदको परिमाण समेत ९६ वटाको रु. ३५१७।५४ दरले रु. ३३७६८३।८४ मूल्यांकन गरेको कारणले वास्तविक जालीको परिमाण भन्दा रु. १६८८४१।९२ वढी खर्च गरेको पाइयो । जालीको परिमाण नापीमा ४८ थान बढी उल्लेख गरी रु. १६८८४१।९२ भुक्तानी गरेको असुल गर्नु पर्ने रु.	१६८८४१.९२
३६.	**उपभोक्ता समितिबाट संरचना निर्माण** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले रु. २५ लाखमा वाइफाई टावर निर्माण जस्तो जटिल प्राविधिक पक्ष समावेश हुने संरचना निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस्ता जटिल प्रकृतिका निर्माण कार्य सम्बन्धित कामको अनुभव भएका ठेकेदार मार्फत गराएर कामको गुणस्तर वृद्धि गराउन कार्यालयले पहल गर्नुपर्ने देखिन्छ ।	
	चालुतर्फ	
३७.	११-०६४।६।१ वेस्टर्न प्रिन्टिङ सपोर्ट प्रा.लि.लाई विकास योजना पुस्तिका छपाई वापत मुल्य अभिवृद्धि कर सहित रु५७,४०४।- भुक्तानी दिएकोमा आयकर ऐन २०५८ अनुसार १.५ प्रतिशत अग्रीम कर कट्टी नगरेको रु....	762.00
३८.	**पेश्की बाँकी :** कार्यालयबाट देहाय अनुसारका उपभोक्ता समितिलाई यस आ. व. मा प्रदान गरिएको पेश्की रु. २१००००००।-फछ्र्यौट भएको नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) अनुसार फछ्र्यौट हुनु पर्ने रु.	2100000.00
	मिति | **विवरण** | **बापत** | **रकम रु.** २०७५।३।१२ | उ.स.अ. गर्बु गरुङ | सडक र भवन निर्माण | २१००००००।००	
३९.	आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वद्ध व्यक्ति तथा संस्थाको बैंक खाता मार्फत हुने व्यवस्था गरिएको, तद्नुरुप अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रवरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएकोमा कार्यालयबाट रकम भुक्तानी गर्दा वडा सचिवका नाममा नगर/वेयरर चेक जारी गरी नगद वितरण गर्न लगाइएको पाइएकोले उक्त प्रावधानको पूर्ण पालना गरिनु पर्दछ ।	
४०.	खर्चका श्रेष्ताहरु राख्ने क्रममा एउटै विलको दोहोरो भुक्तानी नियन्त्रणका लागि आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ८ बमोजिम खर्च भएका सवै रसिद र बील भर्पाइहरु कार्यालयबाट विभिन्न खर्चको भुक्तानीका चेकहरु सम्बन्धित पक्षलाई आर्थिक प्रशासन शाखाबाट वितरण (Delivery) गरिनु पर्नेमा कतिपय चेकहरु विषयगत शाखा प्रमुख वा सम्बन्धित प्राविधिकलाई बुझाएको देखिन आएकोले यसबाट (Cheque- Float) को संभावना रहने भएकोले आर्थिक प्रशासन शाखाबाट सम्बन्धित पक्षलाई वितरण गरिनुपर्दछ ।	
४१.	आयकर ऐन, २०५८ को दफा ८८ ५(क) अनुसार सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई सवारी साधनको भाडा वापत भुक्तानी गर्ने रकममा १.५ प्रतिशतले कर कट्टी गर्नु पर्ने व्यवस्था छ । यसै प्रावधानलाई आधार बनाई देहाय अनुसारका निर्माण व्यवसायीले उपभोक्ता समितिलाई डोजर भाडामा लगाई भुक्तानी गरेको रकममा १.५ प्रतिशत मात्र स्रोतमा कर कट्टा गरेको छ । डोजर भाडामा लगाउने निर्माण व्यवसायी सवारी साधान भाडामा दिने व्यवसाय गर्ने इजाजत प्राप्त व्यक्ति भएको प्रमाण पेश नगरेको तथा सम्बन्धित मेशिन उपकरणको स्वमित्व सम्बन्धी प्रमाण नराखी उपभोक्ता समितिबाट भाडा/वहालको रकम भुक्तानी लिएको पाइएकोले	

दफा	लेखापरीक्षणबाट व्यहोरा	रकम
	बहाल कर वापत कट्टा गर्नु पर्ने नपुग ८.५ प्रतिशत रकम असुल गर्नु पर्ने रु.	६३८१२३.००

गो.भौ.नं.	उभोक्ता समिति	निर्माण व्यवसायी	भाडा वापत भुक्तानी रकम	१.५ प्रतिशत कट्टी रकम	नपुग बहाल कर
१०९-०७५/१/२६	गुम्दा पैडु लापु गाउँ	न्यू गोर्खा मनकामना कन्ष्ट्रशन	१६९३८०३	२५४०७.००	१४३९७४.००
१३९-०७५/२/५	घोरत मनिडाढा मोटरबाटो	रुविनाला कन्ष्ट्रशन	४२६३०००	६३९४५.००	३६२३५५.००
२०३-०७५/३/२२	माछाखाला केरौजा मोटरबाटो	बृन्दावति कन्ष्ट्रशन	१३२४४००	१९८६६.००	११२५७४.००
२४९-०७५/३/२६	वारपाक लाप्राक गुम्दा लप्सीबोट सडक	बुढि गण्डकी कन्ष्ट्रशन	२२६१०७	३३९१.००	१९२२०.००
	जम्मा				६३८१२३.००

४२. **वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले विभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "B"ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

४३. **बेरुजू** - गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.८ लाख ८ हजार, अनियमित बेरुजू रु. ५० लाख, प्रमाण कागजात पेश नभएको बेरुजू रु.१ करोड२३ लाख ८ हजार र पेश्की बाँकी देखिएको रु.२१ लाख समेत रु. २ करोड २ लाख १६ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु.१ करोड५ लाख ९ हजार फछ्र्यौट भई रु. ९७लाख ७ हजार बेरुजू कायम भएको छ ।

४४. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२ घ) मा बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले यो वर्ष रु. ९१६३०३।३१ वेरुजु फछ्र्यौट गरेको छ । गत वर्ष सम्मको कार्यालयले देखाएको वेरुजुको स्थिति निम्नानुसार देखिएको छ :

गत वर्षको बेरुजु रकम (रु.)	यो वर्ष फछ्र्यौट	बाँकी
२१५६०००.००	९१६३०३।१३	१२४००००.००

४५. **फछ्र्यौटको लागि पेश भएको विवरण -** कार्यालयले मिति २०७५।८।२७ को पत्रबाट आर्थिक वर्ष २०७३/७४को लेखापरीक्षणबाट कायम बेरुजू मध्ये रु.९१६३०३।१३फछ्र्यौट गरी डोर समक्ष पेश भएकोमा देहाय अनुसारको रकम गत वर्षको लगतबाट घटाई वाँकी वेरुजू कायम गरिएको छ ।

आर्थिक वर्ष	दफा	विवरण	अनुरोध रकम	फछ्र्यौट रकम
२०७३/७४	४	संचितकोष फिर्ता	३५२५४५.१६	३५२५४५.१६
	५	आन्तरिक आम्दानी दाखिला	२५०५२.००	२५०५२.००
	६	,,	७८८८५.९७	७८८८५.९७
	५.११	पेश्की वाँकी	२४००००.००	२४००००.००
	४.११	प्रमाण पेश	२१९८२०.००	२१९८२०.००
जम्मा			९१६३०३.१३	९१६३०३.१३

४६. **अद्यावधिक बेरुजु स्थिति :** धार्चे गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)	यो वर्षको सं प.बाट कायम बेरुजु रु.	यो वर्षको कायम बेरुजु रु.	बाँकी
१२४००००.००	००	९७०७७२६.९२	१०९४७७२६.९२

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण वेरुजु असुल फछ्र्यौट गरिनुपर्दछ ।